# ६४ औं कार्यपालिका बैठक

आज मिति २०७७ साल जेष्ठ ११ गते आइतवारका दिन यस गाउँपालिकाका अध्यक्ष श्री बल बहादुर अधिकारीज्यूको अध्यक्षतामा कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिति:**

| सि.नं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री बलबहादुर अधिकारी | अध्यक्ष | |
| २ | श्री एन्जिला तामाङ्ग | उपाध्यक्ष | |
| ३ | श्री बहादुर तमाङ्ग | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री फैसिंङ तामाङ्ग | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री विजय कुमार गुरुङ | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री हरिमान श्रेष्ठ | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री रामचन्द्र अधिकारी | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री भक्तबहादुर लामिछाने | ६ नं. वडा अध्यक्ष | |
| ९ | श्री बाबुराम न्यौपाने | ७ नं. वडा अध्यक्ष | |
| १० | श्री सुष्मा दमाई | कार्यपालिका सदस्य | |
| ११ | श्री विमामाया गुरुङ | कार्यपालिका सदस्य | |
| १२ | श्री तुले कामी | कार्यपालिका सदस्य | |
| १३ | श्री रत्नमाया घले | कार्यपालिका सदस्य | |
| १४ | श्री प्रविणा ढकाल थापा | कार्यपालिका सदस्य | |
| १५ | श्री शोभा उपरकोटी | कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| १६ | श्री विनोद रोका | प्रमुख प्रशासकीय अधिकृत (सचिव) | |
| १७ | श्री अर्जुन प्रसाद सापकोटा | लेखा अधिकृत | |
| १८ | डा. श्रवण कुमार यादव | चिकित्सक | |
| १९ | श्री दिपक अधिकारी | स्वास्थ्य संयोजक | |
| २० | श्री लक्ष्मण मैनाली | अधिकृत छैठौं | |
| २१ | श्री श्याम विनय यादव | प्रमुख, ईलाका प्रहरी कार्यालय | |
| २२ | श्री ध्रुव बानियाँ | कार्यालय सहयोगी | |
| २३ | श्री अम्बु अधिकारी | कार्यालय सहयोगी | |

**<u>प्रस्ताव तथा छलफलका विषयहरु:</u>**

१. गाउँपालिकाको सीमाक्षेत्रमा कडाई गर्ने सम्बन्धमा ।

२. खाद्यन्न तथा विकास निर्माणका सामाग्री ढुवानी गर्न सहज बनाउने सम्बन्धमा ।

३. प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन गर्ने सम्बन्धमा ।

४. सडकको दाँयाबाँया रहेका जोखिमयुक्त घर संरक्षण गर्ने सम्बन्धमा ।

५. बाह्य स्थानबाट गाउँपालिका आएका व्यक्तिहरुको विवरण अद्यावधिक गर्ने सम्बन्धमा ।

६. विविध ।

निर्णय नं. १

विश्वभर महामारी तथा संक्रमणको रुपमा फैलिरहेको कोभिड –१९ का कारण नेपालमा पनि दिनानु दिन संक्रमित हुने संख्या बढिरहेको र केही संक्रमित व्यक्तिको मृत्यु पनि भएको सन्दर्भमा गाउँपालिकामा त्यस भाइरसबाट हुने संक्रमण रोकथाम र नियन्त्रण गर्नका लागि गाउँपालिकाको सीमाक्षेत्रमा पर्ने देहायका नाकाहरुबाट अत्यावश्यक बाहेकका सवारी साधन तथा मानिसहरुको आवतजावत सम्वन्धित वडाको समन्वयमा नाकामा २/२ जना स्थानीय युवा खटाई गाउँपालिका शिल गर्ने निर्णय गरियो ।

तपसिलः

(क) भाँजा, खोलाखेत (वडा नं. ४)

(ख) मनपाङखोला बुढाथुमबेसी, मनपाङबेसी मंगलटार झोलुङ्गेपुल, आर्खेत अधेरी (वडा नं. ७)

(ग) घ्याङस्याङ कुतालबेसी, छुनुउ (वडा नं. २)

(घ) किन्ताङफेदी, मुम्वई (वडा नं. ३)

(घ) मान्वु लापाडाँडा, डाँडीकटेरी, छाप सल्लेरी, पात्ले भैसे नाका (वडा नं. ६)

(ङ) ठाँटी, गरगरे, कात्तिके वडा नं. ५

(***पुनश्चः*** प्रति व्यक्ति प्रति दिन रु १५००/- का दरले पारिश्रमिक उपलब्ध गराईनेछ ।)

निर्णय नं. २

गाउँपालिकाका विभिन्न सडक प्रवेश स्थान तथा नाकाहरुमा सवारी साधन समेत आवतजावत गर्न नमिल्ने गरी सडकहरुमा रुख, ढुंगा राखी सडक अवरोध गरेको पाईएको हुँदा गाउँपालिकाको सिफारिसमा गाउँपालिका क्षेत्रभित्र संचालित खाद्यन्न पसलहरुका लागि खाद्यन्नका सामाग्रीहरु र गांउँपालिकाको विकास निर्माणका योजनाहरुका लागि सामाग्रीहरु ढुवानी गरी ल्याउने सवारी साधनहरुलाई गाउँपालिकामा आवतजावत गर्न सम्वन्धित वडाले सहज वातावरण वनाउे निर्णय गरियो ।

निर्णय नं. ३

नेपाल सरकार, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) बाट सशर्त अनुदान रकम वापत रु २९,०८,०००/- (अक्षरेपी उन्नतीस लाख आठ हजार मात्र) प्राप्त भएकोले कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (संचालन तथा व्यवस्थापन) कार्यविधि,

बल बहादुर अधिकारी
अध्यक्ष

गंगाजमुना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फुलखर्क, धादिङ
बागमती प्रदेश, नेपाल

२०७६ बमोजिम तोकिएको सडकहरुको मर्मतसंभार गाउँपालिकामा सूचिकृत बेरोजगारहरुबाट गर्ने गराउने निर्णय गरियो ।

**निर्णय नं. ४**

गाउँपालिका अन्तर्गतका देहायका वडाहरुका सडक खण्डका दाँयाबाँया सडक निर्माण गर्दा वर्षातको कारणले व्यक्तिका घरहरु जोखिममा परेकोले त्यस्ता घरहरुको संरक्षण सम्बन्धित वडाबाट गर्ने निर्णय गरियो ।

**तपसिल:**

(१) रातमाटे सडक क्षेत्रमा पर्ने घर संरक्षण, वडा नं. ४

(२) सडक प्रभावित घर संरक्षण, वडा नं. ३

(३) थापागाउँ पहिरो रोकथाम जागरबोट, वडा नं. ७

(४) महालक्ष्मी आरुबोटे कात्तिके डाँडागाउँ सडक, घर संरक्षण, वडा नं. ६

**निर्णय नं. ५**

विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाइरस रोकथाम तथा नियन्त्रण गर्नका लागि बाह्य स्थानबाट आफ्नो घर यस गाउँपालिकामा आएका व्यक्तिहरुको विवरण तोकिएको ढाँचामा सम्वन्धित वडा तथा स्वास्थ्य संस्थाको समन्वयमा गाउँपालिकाले अद्यावधिक गर्ने निर्णय गरियो ।

**विविध:**

(क) मिति २०७७ साल वैशाख २७ गते का दिन यस गंगाजमुना गाउँपालिका वडा नं. ५, देउराली स्थित श्री यम बहादुर गुरुङको हत्या भएको हुँदा निजको किरिया खर्च र बालबच्चाको शैक्षिक व्यवस्थापनका लागि आर्थिक अवस्था कमजोर भएकोले आर्थिक सहयोगको लागि श्रीमति चेलीमाया गुरुङले निवेदन पेश गरेको हुँदा निजलाई किरिया खर्च वापत रु ५० हजार विपद् व्यवस्थापन शीर्षकबाट उयलब्ध गराउने र निजको ३ जना बालबच्चाहरुलाई गाउँपालिकाको सामुदायिक विद्यालयमा कक्षा १२ सम्मा नि:शुल्क पठनपाठनको व्यवस्था मिलाउने निर्णय गरियो ।

(ख) गंगाजमुना गाउँपालिका वडा नं. ४ गुम्दी स्वास्थ्य चौकीको एम्बुलेन्स चालकको सम्वत २०७६ साल फागुन १० गते दुर्घटनामा परी मृत्यु भएको हुँदा निजको किरिया खर्च वापत रु ३० हजार उपलब्ध गराउने निर्णय गरियो ।

बल बहादुर अधिकारी
अध्यक्ष

गंगाजमुना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फुलखर्क, धादिङ
बागमती प्रदेश, नेपाल